# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, वैशाख १४ गते, २०७८ साल (अतिरिक्ताङ्क ३

## भाग २

प्रदेश सरकार

**सामाजिक विकास मन्त्रालयको सूचना**

**गण्डकी प्रदेश खेलकुद विकास नियमावली,२०७८**

प्रदेश खेलकुद विकास ऐन, २०७७ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी  गण्डकी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

परिच्छेद-१

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले प्रदेश खेलकुद विकास ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले ऐनको दफा ४० बमोजिमको कल्याणकारी कोष सम्झनु पर्छ ।

(ग) "जिल्ला समिति" भन्नाले ऐनको दफा ३० बमोजिमको जिल्ला खेलकुद विकास समिति सम्झनु पर्छ ।

परिच्छेद-२

**काम, कर्तव्य र अधिकार सम्बन्धी अन्य व्यवस्था**

३. **परिषद्को काम, कर्तव्य र अधिकारः** ऐनको दफा ९ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खेल सङ्घ संस्थाहरुको दर्ता, नवीकरण र नियमन सम्बन्धी आवश्यक कार्यविधि निर्माण गरी लागु गर्ने,

(ख) जिल्ला समितिको वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(ग) परिषद्मा दर्ता भएका खेलका खेलाडीहरुलाई नियमित रुपमा प्रशिक्षण गर्ने,

(घ) आवश्यकता अनुसार बन्द प्रशिक्षण सञ्चालन गर्ने,

(ङ) प्रतियोगिता हुनुभन्दा अगाडि बिशेष प्रशिक्षण सञ्चालन गर्ने,

(च) विभिन्न विधाका खेलाडीको प्रतिभा पहिचान र छनोट गर्ने,

(छ) खेलकुद प्रशिक्षण र खेल विज्ञान सम्बन्धी अध्ययन, अनुसन्धान, तालिम एवं गोष्ठि सञ्चालन गर्ने,

(ज) आवश्यकता अनुसार सल्लाहकार समिति गठन गर्ने ।

४. **समितिको काम, कर्तव्य र अधिकारः** ऐनको दफा १५ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परिषद्को बैठकमा छलफल गरिने विषयको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ख) परिषद्द्वारा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने,

(ग) परिषद्सँग आवद्ध खेल सङ्घ, संस्थाहरुको नियमन, अनुगमन गर्न परिषद्का सदस्यहरुको कार्य विभाजन गरी स्वीकृतिको लागि परिषद्मा पेश गर्ने,

(घ) खेलकुदको विकासका लागि दीर्घकालिन योजना बनाई परिषद्मा पेश गर्ने,

(ङ) खेलको वर्गीकरण र प्राथमिकता निर्धारण गरी परिषद्मा पेश गर्ने,

(च) खेल सम्बन्धी मानव स्रोत विकासका लागि प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा अध्ययनको व्यवस्था गर्न परिषद्मा पेश गर्ने,

(छ) परम्परागत तथा साहसिक खेलको प्रवर्धन तथा विकासका लागि आवश्यक सुझाव दिने,

(ज) मन्त्रालयको समन्वयमा खेलकुद व्यवस्थापन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने, गराउने ।

५. **<u>सदस्य सचिवको काम, कर्तव्य र अधिकारः</u>** ऐनको दफा १८ मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त सदस्य सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वीकृत नीति, योजना, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन गर्ने, गराउने,

(ख) परिषद्सँग आवद्ध खेल सङ्घ तथा संस्थाहरुको अनुगमन र नियमन गर्ने, गराउने,

(ग) खेलकुद पूर्वाधार निर्माणका लागि स्वीकृत आयोजनाको सम्झौता बमोजिमको कार्य समयमा सम्पन्न गर्ने, गराउने,

(घ) खेलकुदको विकास र विस्तारको लागि प्रदेश, जिल्ला तथा स्थानीय खेलकुद सङ्घ संस्थाहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

(ङ) प्रादेशिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद सङ्घ संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने,

(च) परिषद्लाई आर्थिक रूपमा सम्बृद्ध बनाउन आन्तरिक तथा बाह्य स्रोतको उचित व्यवस्थापन गर्ने,

(छ) परिषद्को चुस्त दुरुस्त सञ्चालनको लागि प्रशिक्षक, खेलाडी र कर्मचारीको परिचालन गर्ने,

(ज) मन्त्रालय तथा परिषद्बाट निर्देशित कार्य गर्ने,

(झ) प्रदेशमा खेलकुदको संरक्षण, संवर्धन र प्रवर्धन गर्नको लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

## परिच्छेद -३

## खेल सङ्घ गठन तथा सञ्चालन

६. **प्रदेश खेल सङ्घ सम्बन्धी व्यवस्था:** (१) प्रदेशस्तरमा ऐनको दफा २२ को उपदफा (३) बमोजिमको मापदण्ड पूरा गरेको र सम्बन्धित खेलको कम्तीमा पाँच वटा जिल्ला खेल सङ्घ रहेको प्रदेश खेल सङ्घ गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको सङ्घ गठन गर्दा परिषद्का प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ र त्यस्तो खेल सङ्घ परिषद्मा दर्ता गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सङ्घ दर्ता गर्दा देहाय बमोजिमका कागजातहरु सहित अनुसूची -१ बमोजिमको ढाँचामा परिषद्मा निवेदन दिनुपर्नेछः-

(क) जिल्ला खेल सङ्घ दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) प्रदेश खेल सङ्घको विधानको प्रतिलिपि,
(ग) प्रदेश खेल सङ्घका कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,
(घ) प्रदेश खेल सङ्घको सोही खेलसँग सम्बन्धित राष्ट्रिय वा अन्तर्राष्ट्रिय खेल सङ्घसँग आवद्धता भएको भए सोको प्रमाणपत्र ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा ऐन र यस नियमावली बमोजिम सम्बन्धित सङ्घ परिषद्मा दर्ता गर्न उपयुक्त देखिएमा परिषद्ले अनुसूची-३ बमोजिमको दस्तुर लिई दर्ता गरी अनुसूची -२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम निवेदन जाँचबुझ गर्दा कुनै सङ्घलाई परिषद्मा दर्ता गर्न उपयुक्त नदेखिएमा परिषद्ले दर्ता गर्न नमिल्ने कारण खुलाई सोको जानकारी दिनुपर्नेछ ।

७. **जिल्ला खेल सङ्घ सम्बन्धी व्यवस्था:** (१) जिल्लास्तरमा ऐनको दफा २२ को उपदफा (३) बमोजिमको मापदण्ड पूरा गरेको एक जिल्ला खेल सङ्घ गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमको सङ्घ गठन गर्दा जिल्ला समितिको प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ र त्यस्तो खेल सङ्घ जिल्ला समितिमा दर्ता गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सङ्घ दर्ता गर्दा देहाय बमोजिमका कागजातहरु सहित अनुसूची -१ बमोजिमको ढाँचामा जिल्ला समितिमा निवेदन दिनुपर्नेछः-

(क) स्थानीय खेल सङ्घ दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) जिल्ला खेल सङ्घको विधानको प्रतिलिपि,
(ग) सङ्घका पदाधिकारी र सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(४) उपनियम (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा ऐन र यस नियमावली बमोजिम सम्बन्धित सङ्घ जिल्ला समितिमा दर्ता गर्न उपयुक्त देखिएमा जिल्ला समितिले अनुसूची-२ बमोजिमको दस्तुर लिई दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा कुनै सङ्घलाई दर्ता गर्न उपयुक्त नदेखिएमा जिल्ला समितिले दर्ता गर्न नमिल्ने कारण खुलाई सोको जानकारी दिनुपर्नेछ ।

८. **नवीकरण सम्बन्धी व्यवस्थाः** (१) प्रदेश खेल सङ्घ र जिल्ला खेल सङ्घले नवीकरणको लागि प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिन भित्र देहायका कागजात संलग्न गरी दर्ता गरेको निकायमा निवेदन दिनुपर्नेछः-

(क) दर्ता प्रमाणपत्रको प्रतिलिपि,
(ख) वार्षिक प्रगति प्रतिवेदन,
(ग) अघिल्लो वर्षको वार्षिक लेखा परीक्षणको प्रतिवेदन,
(घ) स्थायी लेखा नम्बरको प्रमाण ।

(२) उपनियम (१) बमोजिम दर्ता भएको निवेदन जाँचबुझ गरी दर्ता गर्ने निकायले अनुसूची-२ बमोजिमको दस्तुर लिई नवीकरण गर्नेछ ।

(३) उपनियम (१) बमोजिमको अबधिभित्र नवीकरण गराउन नसकेमा खेल सङ्घले कारण खुलाई थप तीस दिनभित्र नवीकरणको लागि निवेदन दिएमा दर्ता गर्ने निकायले दोब्बर दस्तुर लिई नवीकरण गर्न सक्नेछ ।

(४) उपनियम (२) र (३) बमोजिम नवीकरण नगरेका खेल सङ्घलाई परिषद्बाट प्रदान गरिने सेवा सुविधा उपलब्ध गराउन बाध्य हुने छैन ।

९. **खेल सङ्घ गठन गर्न आवश्यक मापदण्डः** जिल्ला र प्रदेश खेल सङ्घ गठन गर्दा ऐनको दफा २२ को उपदफा (३) मा उल्लिखित मापदण्डका अतिरिक्त देहायका मापदण्ड पूरा गरेको हुनुपर्नेछः-

(क) खेल सङ्घमा कुनै प्रकारको राजनीतिक, धार्मिक, जातीय, भौगोलिक र लैङ्गिक आधारमा विभेद गर्न नहुने,

(ख) खेल सङ्घले कम्तीमा वर्षको एकपटक साधारण सभा गर्नुपर्ने,

(ग) खेल सङ्घले खेलसँग सम्बन्धित प्राविधिक समिति गठन गर्नुपर्ने,

(घ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल महासँघसँग आवद्ध सङ्घहरुले सोको वडापत्रको मूल्य र मान्यतालाई आत्मसात गर्नुपर्ने,

(ङ) प्रतिबन्धित औषधि सेवन बिरूद्धको कार्यको प्रभावकारिताको लागि राष्ट्रिय अन्तर्राष्ट्रिय एन्टीडोपिङ एजेन्सीका नीति नियम पालना गर्नुपर्ने,

(च) खेल सङ्घले खेलाडी, पूर्व प्रशिक्षक, निर्णायक र सहयोग दातालाई सम्बन्धित सङ्घको सदस्यता प्रदान गर्नुपर्ने ।

१०. **<u>दर्ता खारेज सम्बन्धी व्यवस्थाः</u>** देहायको अवस्थामा दर्ता गर्ने निकायले सम्बन्धित खेल सङ्घको दर्ता खारेज गर्न सक्नेछ ।

(क) नियम ८ बमोजिम नवीकरण नगरेमा,

(ख) यस नियमावली बमोजिमका मापदण्ड पुरा नगरेमा,

(ग) खेल आचारसंहिता विपरीत कार्य गरेमा,

(घ) प्रचलित कानूनको उल्लङ्घन गरेमा ।

परिच्छेद -४

## <u>जिल्ला समितिको गठन र काम, कर्तव्य र अधिकार</u>

११. **<u>जिल्ला समितिको गठन</u>**ः (१) ऐनको दफा ३० बमोजिम प्रत्येक जिल्लामा खेलकुदको सञ्चालन तथा विकास गर्न देहाय बमोजिमको जिल्ला खेलकुद विकास समिति गठन हुनेछः-

(क) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट परिषद्को अध्यक्षबाट मनोनीत व्यक्ति - अध्यक्ष

(ख) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट परिषद्को अध्यक्षबाट मनोनीत व्यक्ति - उपाध्यक्ष

(ग) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट परिषद्को अध्यक्षबाट मनोनीत व्यक्ति - सचिव

(घ) खेलकुदको क्षेत्रमा उल्लेखनीय योगदान गरेका व्यक्तिमध्येबाट परिषद्को अध्यक्षबाट मनोनीत व्यक्ति - कोषाध्यक्ष

(ङ) सम्बन्धित जिल्लाका स्थानीय तहमा गठन भएका खेलकुद समितिबाट जिल्ला समितिद्वारा मनोनीत तीन जना -सदस्य

(च) जिल्लास्थित खेल सङ्घबाट जिल्ला समितिले मनोनीत

गरेका कम्तीमा एकजना महिला सहित तीन जना - सदस्य

(छ) विभिन्न खेलमा पदक प्राप्त गरेका वा सहभागी खेलाडीहरूमध्येबाट परिषद्को सदस्य सचिवद्वारा मनोनीत एक जना - सदस्य

(ज) मन्त्रालयको जिल्लास्थित खेलकुद हेर्ने कार्यालय प्रमुख - सदस्य

(झ) सामुदायिक तथा संस्थागत विद्यालयबाट प्रतिनिधित्व हुनेगरी जिल्ला समितिले मनोनीत गरेका दुई जना - सदस्य

(ञ) उद्योगी व्यवसायीबाट जिल्ला समितिले मनोनीत गरेका एक जना -सदस्य

(ट) जिल्लास्तरको प्रहरी कार्यालयका प्रतिनिधि एक जना - सदस्य

(२) उपनियम (१) बमोजिम गठन हुने जिल्ला समितिको पदाधिकारीमध्ये कम्तीमा एकजना महिला हुनुपर्नेछ ।

<u>स्पष्टीकरण:</u> उपनियम (२) को प्रयोजनको लागि पदाधिकारी भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनुपर्छ ।

(३) जिल्लामा रहेका सुरक्षा निकाय, सरकारी तथा अन्य सङ्घ संस्थाका प्रतिनिधिलाई जिल्ला समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) जिल्ला समितिका पदाधिकारी तथा मनोनीत सदस्यहरुको पदावधि समितिको गठन भएको मितिले चार वर्षको हुनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि जिल्ला समितिका पदाधिकारी तथा मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा, पद अनुरुपको आचरण नगरेमा त्यस्तो सदस्यलाई मनोनयन गर्ने निकाय वा अधिकारीले जुनसुकै वखत पदबाट हटाउन सक्नेछ ।

तर, यसरी हटाउनु अघि सम्बन्धित पदाधिकारी तथा सदस्यलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ ।

(६) जिल्ला समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ ।

१२. **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकार:</u>** (१) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) प्रदेश सरकारबाट स्वीकृत नीति तथा रणनीतिको अधीनमा रही खेलकुद सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रम बनाई लागु गर्ने,

(ख) वार्षिक योजना, कार्यक्रम तथा बजेट तयार गरी परिषद्मा पेश गर्ने,

(ग) खेल सामग्री र साधन स्रोतको व्यवस्थापन गर्ने तथा सोको लागि आवश्यक सहकार्य गर्ने,

(घ) जिल्लास्तरीय खेलकुद प्रशिक्षण र प्रतियोगिता आयोजना गर्ने, गराउने,

(ङ) परिषद्बाट जारी भएको आचारसंहिता पालना गर्ने, गराउने,

(च) खेलकुद पूर्वाधारको निर्माण, व्यवस्थापन तथा मर्मत संभार गर्ने, गराउने,

(छ) खेलकुदका पूर्वाधार विकास गर्दा कायम गर्नुपर्ने न्यूनतम मापदण्ड पालना गर्ने, गराउने,

(ज) खेलकुदको सञ्चालन, विकास तथा पूर्वाधार विकासको लागि प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय, सहयोग तथा सहकार्य गर्ने,

(झ) ऐन, नियमावली र परिषद्को स्वीकृत मापदण्डको प्रतिकूल नहुने गरी जिल्लास्तरमा खेलकुद सञ्चालन सम्बन्धी कार्यविधि बनाई लागु गर्ने, गराउने,

(ञ) निजीक्षेत्रबाट सञ्चालन हुने फुटसल, पौडीपोखरी, जीमखाना, साहसिक खेलकुद, मनोरञ्जन केन्द्र आदिको विवरण परिषद्मा पठाउने,

(ट) खेलाडीहरुको वर्गीकरण अनुसार परिचय पत्रसम्बन्धी कार्य गर्ने,

(ठ) जिल्लास्थित खेलकुद सङ्घ र खेलकुद संस्थाहरुसँग आवश्यक समन्वय तथा नियमन गर्ने,

(ड) जिल्लामा रहेका प्रशिक्षक, खेलाडी, निर्णायक समेतको अभिलेखीकरण गरी अद्यावधिक गर्ने,

(ढ) खेलकुदको क्षेत्रमा उल्लेख्य योगदान दिएका प्रशिक्षक, खेलाडी, निर्णायक र कर्मचारीलाई पुरस्कार प्रदान गर्ने, पुरस्कारको लागि सिफारिस गर्ने ।

१३. **जिल्ला समितिको वैठकः** (१) जिल्ला समितिको वैठक वर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) जिल्ला समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) सचिवले अध्यक्षसँगको परामर्शमा जिल्ला समितिको वैठक वस्ने मिति, समय, स्थान र बैठकमा छलफल हुने विषयको सूची सहितको सूचना वैठक हुनुभन्दा कम्तीमा तीन दिन अगाडि सबै सदस्यलाई पठाउनु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जनसुकै कुरा लेखिएको भए तापनि जिल्ला समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाई सदस्यले बैठक बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले त्यसरी अनुरोध गरेको मितिले सात दिन भित्र जिल्ला समितिको बैठक बोलाउनुपर्नेछ,

(५) जिल्ला समितिको कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको गण पूरक सङ्ख्या पुगेको मानिनेछ ।

तर कुनै कारणवश यस उपदफा बमोजिम गण पूरक सङ्ख्या नपुगेको कारणले बैठक वस्न नसकेकोमा त्यसपछि लगत्तै बस्ने बैठकमा तत्काल कायम रहेको सदस्य सङ्ख्याको कम्तीमा तेत्तीस प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको गण पूरक सङ्ख्या पुगेको मानिनेछ ।

(६) जिल्ला समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता उपाध्यक्षले र निजको अनुपस्थितिमा जिल्ला समितिको जेष्ठ सदस्यले गर्नेछ ।

(७) जिल्ला समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(८) कुनै विशेषज्ञलाई जिल्ला समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिनेछ ।

(९) जिल्ला समितिको वैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिद्वारा प्रमाणित गराई सचिवले सोको अभिलेख सुरक्षित राखुपर्नेछ ।

(१०) जिल्ला समितिको बैठकमा उपस्थित भएवापत पदाधिकारी तथा सदस्य समेतले प्रतिबैठक पन्ध्र सय रूपैया (रु १५००।-) बैठक भत्ता पाउनेछन् ।

(११) जिल्ला समितिको बैठकसम्बन्धी अन्य कार्यविधि जिल्ला समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१४. **<u>जिल्ला समितिको खाता सञ्चालन सम्बन्धी व्यवस्था:</u>** (१) जिल्ला समितिको खातामा देहाय बमोजिमको रकमहरू रहनेछन:-

(क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त रकम,

(ख) प्रदेश सरकार, प्रदेश खेलकुद परिषद्बाट प्राप्त रकम,

(ग) जिल्ला समितिले प्रदान गर्ने खेलकुद सम्बन्धी प्रशिक्षणको शुल्क बापतको रकम,

(घ) खेलकुद प्रतियोगिता, प्रदर्शनी आदिमा टिकट शुल्क वापत प्राप्त रकम,

(ङ) कुनै व्यक्ति वा सङ्घसंस्थाबाट प्राप्त सहयोग रकम,

(च) राष्ट्रिय अन्तर्राष्ट्रिय सङ्घ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम,

(छ) जिल्ला समिति मातहतका पूर्वाधारहरूको प्रयोग वापत लिइने रकम,

(ज) खेल सङ्घ तथा संस्थाहरूको दर्ता तथा नवीकरण बापत प्राप्त रकम।

(२) जिल्ला समितिको सम्पूर्ण रकम नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहेको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।

(३) जिल्ला समितिको खाता कोषाध्यक्ष वा निजले तोकेको सदस्य र प्रदेश सरकार अन्तर्गतको जिल्लास्थित खेलकुद कार्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ ।

१५. **<u>लेखा र लेखा परीक्षण:</u>** (१) जिल्ला समितिले आफ्नो आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राख्नु पर्नेछ ।

(२) परिषद्ले जिल्ला समितिको आय व्ययको लेखा सम्बन्धी कागजात र अन्य नगदी जिन्सी जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

परिच्छेद-५

**<u>विविध</u>**

१६. **<u>प्रदेश ओलम्पिक कमिटी</u>** (१) प्रचलित कानून बमोजिम एक प्रदेश ओलम्पिक कमिटीको गठन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम गठन भएको प्रदेश ओलम्पिक कमिटी राष्ट्रिय खेलकुद परिषद्मा दर्ता गर्नुपर्नेछ ।

१७. **प्रोत्साहन सम्बन्धी व्यवस्थाः** खेलाडी वा पुर्व खेलाडीलाई रोजगार दिनको लागि सङ्घसंस्था, वाणिज्य वा औद्योगिक प्रतिष्ठानहरुलाई प्रदेश सरकारले प्रोत्साहन गर्नेछ र रोजगारी दिने सङ्घ संस्थालाई कदर गर्नेछ ।

१८. **खेलकुद प्रतियोगितामा भाग लिन नपाउनेः** ऐनको दफा २५ को खण्ड (क) बमोजिमको प्रतिबन्धित औषधिको सेवन गर्ने खेलाडीलाई विश्व एन्टिडोपिङ एजेन्सी (वर्ल्ड एन्टिडोपिङ एजेन्सी) को वर्ल्ड एन्टिडोपिङ कोडमा उल्लेख भए बमोजिम कुनै पनि खेलकुद प्रतियोगितामा भाग लिन नपाउने गरी रोक लगाउन सकिनेछ ।

१९. **प्रदेश एन्टिडोपिङ एजेन्सीको स्थापनाः** (१) ऐनको दफा ३६ बमोजिम खेलकुदमा प्रतिबन्धित औषधि सेवन विरुद्ध कार्य गर्न प्रदेश सरकारले एक एन्टीडोपिङ एजेन्सी गठन गर्न सक्नेछ ।

२०. **कल्याणकारी कोष सञ्चालनः** (१) ऐनको दफा ४० को उपदफा (१) बमोजिमको कल्याणकारी कोषमा देहाय बमोजिमका रकम रहनेछन्

(क) नेपाल सरकारबाट प्राप्त रकम,
(ख) प्रदेश सरकारबाट प्राप्त रकम,
(ग) राष्ट्रिय खेलकुद परिषद्बाट प्राप्त रकम,
(घ) प्रदेश खेलकुद परिषद्बाट प्राप्त रकम,
(ङ) विभिन्न व्यक्ति, सङ्घ, सस्थाबाट प्राप्त रकम,
(च) कोषको रकमबाट बढे बढाएको रकम,
(छ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(२) कल्याणकारी कोषको खाता सञ्चालन सदस्य-सचिव वा निजले तोकेको अधिकृत र परिषद्को लेखा सम्बन्धी कार्य गर्ने प्रमुख कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

(३) कल्याणकारी कोषको सञ्चालन परिषद्ले निर्माण गरेको कार्यविधि बमोजिम हुनेछ।

(४) कल्याणकारी कोषको प्रयोग ऐनको दफा ४० को उपदफा (१) मा उल्लिखित प्रयोजनको लागि प्रयोग हुनेछ ।

२१. **खेलाडीको बीमा सम्बन्धी व्यवस्था** : परिषद्सँग आबद्ध क्लब वा संस्थाका खेलाडीलाई प्रदेश सरकारको प्रतिनिधित्व गर्ने गरी परिषद्ले कुनैपनि खेलकूद प्रतियोगितामा सहभागी गराउँदा त्यस्तो खेलाडी, प्रशिक्षक, रेफ्रीको अनुसूची- ४ बमोजिम बीमा गर्न सकिनेछ ।

२२. **खेलाडीलाई प्रदान गरिने भत्ता** : (१) परिषद्ले राष्ट्रिय स्तरको खेलकूद प्रतियोगितामा स्वर्ण पदक जित्ने प्रदेशका खेलाडीलाई भत्ता प्रदान गर्न सक्नेछ ।

(२) परिषद्ले आयोजना गरेको प्रदेशस्तरीय खेलकूद प्रतियोगिता तथा प्रदेश सरकारको प्रतिनिधित्व गरी राष्ट्रिय प्रतियोगितामा सहभागी खेलाडीलाई परिषद्ले तालिम तथा खेल अवधीभर दैनिक पन्ध्र सय रुपैंया भत्ता उपलब्ध गराउनेछ।

२३. **<u>शपथग्रहणः</u>** (१) परिषद्को उपाध्यक्ष, सदस्य सचिव र सदस्यहरुमा मनोतित भएका पदाधिकारीले अनुसूची -५ बमोजिम पद तथा गोपनियताको शपथग्रहण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम उपाध्यक्ष र सदस्य सचिवले अध्यक्ष समक्ष र अन्य सदस्यहरुले सदस्य सचिव समक्ष शपथ लिनुपर्नेछ।

(३) खेलकुद प्रतियोगिताहरुमा जज, रेफ्री, निर्णायक र अम्पायरहरुले अनुसूची -६ र खेलाडीहरुले अनुसूची -७ बमोजिम शपथग्रहण गर्नुपर्नेछ ।

२४. **<u>परिषद्को छापः</u>** परिषद्को छाप अनुसूची -८ बमोजिमको हुनेछ ।

२५. **<u>निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>** : (१) परिषद्ले ऐन तथा यस नियमावलीले प्रदान गरेको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि आवश्यकता अनुसार कार्यविधि तथा मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको परिषद्ले बनाएको कार्यविधि तथा मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागु हुनेछ ।

अनुसूची-१

(नियम ६ को उपनियम (३) र नियम ७ को उपनियम (३) सँग सम्बन्धित)

## जिल्ला खेल सङ्घ/प्रदेश खेल सङ्घ दर्ताको लागि दिइने निवेदनको ढाँचा

मितिः ..........................

श्री जिल्ला खेलकुद विकास समिति ........../प्रदेश खेलकुद परिषद्,
गण्डकी प्रदेश, .................... ।

विषयः सङ्घ दर्ता सम्बन्धमा।

प्रदेश खेलकुद विकास ऐन,२०७७ को दफा २२ तथा गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम ६ को उपनियम (३)/ नियम ७ को उपनियम (३) बमोजिम जिल्ला खेल सङ्घ/प्रदेश खेल सङ्घ दर्ता गर्न चाहेकोले देहायको विवरण सहित निम्न कागजात संलग्न गरी तोकिएको दस्तुर सहित दर्ताका लागि यो निवेदन पेश गरेको छु । सङ्घले नियमानुसार पालन गर्नुपर्ने मापदण्ड र शर्तहरु पालना गर्न मञ्जुर छु ।

१. सङ्घ वा संस्थाको नामः

२. सङ्घ वा संस्थाको ठेगाना :

(क) गाउँपालिका/नगरपालिका : ................................

(ख) जिल्ला : ..........................

(ग) फोन नं.: ................

(घ) फ्याक्स नं.: .......................

(ङ) इमेलः .......................

(च) वेबसाइट : ...............................

३. सङ्घ वा संस्थाको उद्देश्य :

(क)

(ख)

(ग)

(घ)

(ङ)

४. सङ्घ वा संस्थाको नवीकरण बहाल रहने अवधी :

५. सङ्घ वा संस्थाको कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र सम्पर्क :

(क)

(ख)

(ग)

(घ)

(ङ)

६. संलग्न कागजातहरुः

(क) स्थानीय/जिल्ला खेल सङ्घ वा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) जिल्ला/सङ्घ/संस्थाको विधानको प्रतिलिपि,

(ग) सङ्घका पदाधिकारी र सदस्यहरुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सङ्घ वा संस्थाको तर्फबाट दर्ताको लागि निवेदन दिने व्यक्तिलाई सो गर्न अधिकार दिएको निर्णयको प्रतिलिपि

निवेदकको नामथरः

दस्तखतः

पदः

संस्थाको छापः

सङ्घ वा संस्थाको नामः

ठेगानाः

अनुसूची -२

(नियम ६ को उपनियम (४), नियम (७) को उपनियम (४) र नियम ८ को उपनियम (२) सँग सम्बन्धित)

## दस्तुर

(क) सङ्घ दर्ता दस्तुरः

१. जिल्ला सङ्घ दर्ताको लागिः दुई हजार रूपैंया (रू २,०००।-)

२. प्रदेश सङ्घ/ संस्था दर्ताको लागिः चार हजार रूपैंया (रू ४,०००।-)

(ख) सङ्घ नवीकरण दस्तुरः

१. जिल्ला सङ्घ नवीकरणको लागिः एक हजार रूपैंया(रू १,०००।-)

२. प्रदेश सङ्घ दर्ताको लागिः दुई हजार रूपैंया (रू २०००।-)

अनुसूची - ३

(नियम ६ को उपनियम (४) र नियम ७ को उपनियम (४) सँग सम्बन्धित)

**<u>जिल्ला खेलकुद विकास समिति/प्रदेश खेलकुद परिषद्मा सङ्घ संस्था दर्ता प्रमाणपत्रको ढाँचा</u>**

जिल्ला खेलकुद विकास समिति ................/प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेश

खेल सङ्घ/संस्था दर्ताको प्रमाणपत्र

जिल्ला खेलकुद विकास समिति, ............/प्रदेश खेलकुद परिषद्मा खेल सङ्घ संस्था दर्ता गरी पाउँ भनी ........................................................... ले मिति ................. मा दिएको निवेदन उपर कारबाही हुँदा जिल्ला खेलकुद विकास समिति, ............ /प्रदेश खेलकुद परिषद्, गण्डकी प्रदेशको मिति .......................... को निर्णयानुसार त्यस सङ्घसंस्थालाई गण्डकी प्रदेश खेलकुद विकास नियमावली, २०७८ को नियम ६ को उपनियम (४)/नियम ७ को उपनियम (४) बमोजिम दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. दर्ता नम्बरः .....

२. यो नवीकरण गराएको अवस्थामा बाहेक मिति .......... सम्म कायम रहनेछ ।

परिषद्को छाप

प्रमाणपत्र जारी गर्ने अधिकारीको
नाम, थर :-
पद :-
मिति :-

पछाडिपट्टी

नवीकरण सम्बन्धी विवरणः

| सि.नं. | नवीकरण गर्ने कर्मचारीको नाम थर | दर्जा | दस्तखत | मिति | मान्य हुने अवधी | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

अनुसूची-४

(नियम २१ सँग सम्बन्धित)

**खेलाडीलाई प्रदान गरिने बीमा**

| क्र.सं. | खेलाडीको अवस्था | बीमाङ्क रकम |
|---|---|---|
| १. | मृत्यु भएमा | रु २०,००,००० (बीस लाख) |
| २. | घाइते भएमा | रु १०,००,००० (दश लाख) |

स्पष्टीकरण: बीमा खेल प्रशिक्षण र खेल अवधीभर मात्र लागु हुनेछ।

अनुसूची -५

(नियम २३ उपनियम (१) सँग सम्बन्धित)

**<u>प्रदेश खेलकुद परिषद्को उपाध्यक्ष, सदस्य सचिव र सदस्यहरुको शपथग्रहण</u>**

म ...................... (शपथ लिने व्यक्तिको नाम) मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक ईश्वर/देश र जनताका नाममा शपथ लिन्छु कि प्रदेश खेलकुद परिषद्/जिल्ला खेलकुद विकास समितिको .................. पदको हैसियतले मलाई तोकिएको काम जानेबुझेसम्म कर्तव्य सम्झी देश तथा जिल्ला खेलकुद विकास समिति-प्रदेश खेलकुद परिषद्प्रति वफादार रही भय, पक्षपात वा द्वेष नराखी लोभ, लालच, मोलाहिजा नगरी प्रचलित कानूनको अधीनमा रही इमान्दारीपूर्वक पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुनै गोप्य कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक म पदमा बहाल रहँदा वा नरहँदाको जुनसुकै अवस्थामा पनि कुनै किसिमबाट प्रकट वा सङ्केत गर्ने छैन ।

<u>शपथ ग्रहण गर्नेको</u>

नामः

दस्तखतः

मितिः

पद :

<u>शपथ ग्रहण गरेको प्रमाणित गर्नेको</u>

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

अनुसूची -६
(नियम २३ उपनियम (३) सँग सम्बन्धित)

**जज, रेफ्री र अन्य निर्णायकको शपथ**

................. प्रदेशको ................. शहरमा आयोजित प्रदेशस्तरीय/अन्तरप्रदेश खेलमा समावेश प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप निष्पक्ष भई खेल खेलाउन सम्पूर्ण जज, जुरी तथा रेफ्रिहरुको तर्फबाट शपथग्रहण गर्दछु । धन्यवाद ।

शपथ ग्रहण गर्ने निर्णायकको
नामः
दस्तखतः
मितिः
पद :

शपथ ग्रहण गरेको प्रमाणित गर्नेको
नाम :
दस्तखत :
मिति :
पद :
कार्यालय :

अनुसूची -७

(नियम २३ उपनियम (३) सँग सम्बन्धित)

**खेलाडीको शपथ**

.................. प्रदेशको ............... .... शहरमा आयोजित खेल प्रतियोगिताहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नियमहरुको पालना गर्दै खेलकुदको उच्च आदर्श अनुरुप अनुशासित तथा मर्यादित भई खेल खेल्न सम्पूर्ण सहभागी खेलाडीहरुको तर्फबाट शपथग्रहण गर्दछु ।धन्यवाद ।

शपथ ग्रहण गर्ने खेलाडीको

नामः

दस्तखतः

मितिः

पद :

शपथ ग्रहण गरेको प्रमाणित गर्नेको

नाम :

दस्तखत :

मिति :

पद :

कार्यालय :

अनुसूची -८

(नियम २४ सँग सम्बन्धित)

**<u>प्रदेश खेलकुद परिषद्को छाप</u>**

द्रष्टव्यः यो छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा परिषद्बाट निर्धारित रङ्गको प्रयोग हुनेछ ।

आज्ञाले,

बिनोद बहादुर कुँवर

प्रदेश सरकारको सचिव

**मुद्रक** : आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सरकार, गण्डकी प्रदेश । मूल्य रु ५०।-